# स्थानीय राजपत्र

खण्डः २ | संख्याः ३१ | प्रकाशित मितिः२०८०/१०/०४

**भाग-२**

**तुम्बेवा गाउँपालिकाद्वारा प्रकाशित**


# तुम्बेवा गाउँपालिका, पाँचथरको कृत्रिम गर्भधान कार्यक्रम संचालन कार्यबिध, २०८०

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/०९/१८

आज्ञाले,

केशव कुमार थापा

नि.प्रमुख प्रशासकीय अधिकृत

# तुम्बेवा गाउँपालिका, पाँचथरको
# कृत्रिम गर्भधान कार्यक्रम संचालन कार्यबिधि,२०८०

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/०९/१८

## तुम्बेवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### मौवा, पाँचथर
### कोशी प्रदेश, नेपाल

# तुम्बेवा गाउँपालिका, पाँचथरको
# कृत्रिम गर्भधान कार्यक्रम संचालन कार्यबिध,२०८०

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८०/०९/१८

## प्रस्तावना

गाउँपालिकाको समग्र बिकास तथा सेवा प्रवाहको सुनिश्चितताको लागि आर्थिक बिकास अपरिहार्य तह अनिवार्य पक्ष हो ।यस कार्यको लागि उन्नत जातीय नश्ल सुधार तथा ब्यबसायिक पशुपालन गरि दिगो र सम्मुनत समाज निर्माण गर्न अति आवस्यक छ । गाउँपालिका भित्र आर्थिक बिकासको मेरुदण्डको रुपमा रहेको पशुपालन ब्यबसायलाई थप दिगो तथा नाफामुखी बनाउनलाई पशुपालन व्यवसायलाई कृत्रिम गर्भाधान प्रबिधिबाट निशुल्क रुपमा सेवा पुऱ्याई कृषकहरुको जीविकोपार्जनमा सुधार ल्याई समुन्नत आर्थिक दिगो बिकासको लागि तुम्बेवा गाउँपालिका को प्रशासकीय कार्यबिधी नियमित गर्ने ऐन २०७५ बमोजिम कृत्रिम गर्भाधान कार्यक्रम संचालन कार्यबिधि २०८० जारि गरिएको छ

## परिच्छेद -१
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ: (क) यस कार्यबिधिको नाम कृत्रिम गर्भाधान कार्यक्रम संचालन कार्यबिधि २०८० रहेको छ।

(ख) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ।

**२.परिभाषा**:बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा ,

क.**गाउँपालिका** भन्नाले तुम्बेवा गाउँपालिका पाँचथरलाई सम्झनु पर्दछ।

ख.**कार्यपालिका** भन्नाले तुम्बेवा गाउँ कार्य पालिका पाँचथरलाई सम्झनु पर्दछ।

ग.**अध्यक्ष भन्नाले** तुम्बेवा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

घ.**उपाध्यक्ष** भन्नाले तुम्बेवा गाउँपालिकाकोउपाध्यक्षलाई सम्झनु पर्दछ।

ङ.**प्रमुख प्रशासकीय अधिकृत** भन्नाले तुम्बेवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च.**AI"Artificial Insemination" female animal** को पाठेघरमा कृत्रिम तरिका बाट सेमेन राख्ने प्रक्रियालाई सम्झनु पर्दछु।

छ.**कृषक** भन्नाले यस गाउँपालिकामा स्थायी वा अस्थायी बसोबास गर्ने सपुर्ण कृषकलाई सम्झनु पर्दछ।

ज.**कृषक समूह** भन्नाले गाउँपालिकामा नियमानुसार दर्ता भएका वा सो भन्दा अघि बिषयगत रुपमा दर्ता भएका कृषक समूह सम्झनु पर्दछ।

झ.**पशुपन्छी** भन्नाले घरपालुवा रुपमा पालिने सम्पुर्ण जनवारहरुलाईसम्झनु पर्दछ।

ञ.**शाखा** भन्नाले तुम्बेवा गाउँपालिकाको पशुपपन्छी सेवा शाखा सम्झनु पर्दछ।

ट.**शाखा प्रमुख** भन्नाले तुम्बेवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पशुपन्छी सेवा शाखा प्रमुख सम्झनु पर्दछ।

ठ.**पशु सेवा प्राबिधिक** भन्नाले तुम्बेवा गाउकार्यपालिका पशुपन्छी सेवा शाखा अन्तर्गत कार्यरत पशु स्वस्थ्य/सेवा प्राबिधिक वा नायब पशु स्वास्थ्य/सेवा प्राबिधिक साथै सम्पुर्ण पशु सेवा संग सम्बन्धित कर्मचारीहरु सम्झनु पर्दछ।

ड.**उपचार सेवा** भन्नाले पशु सेवा संग सम्बन्धित गरिने सम्पुर्ण उपचार सेवा सम्झनु पर्दछ।

ढ.**प्रस्तावना** भन्नाले संघ,प्रदेश,स्थानीय सरकार वा अन्य बिभिन्न निकायबाट आह्वान भएका सूचना समेतलाई जनाउदछ ।
णा.**कार्यक्रम** भन्नाले पशुपालन संग सम्बधित विभिन्न कार्यक्रमहरु भन्ने सम्झनु पर्दछ ।
त.**लक्षित वर्ग** भन्नाले गाउँपालिका भित्र बसोबास गर्ने विभिन्न बर्गका क्षमता भएका कृषकहरुलाई सम्झनु पर्दछ ।

**३.कार्यक्रमको उद्देश्य :**

क.गाउँपालिका भित्रपूर्ण रुपमा निशुल्क कृत्रिम गर्भाधानको माध्ययम बाट नश्ल सुधार गरि दुध तथामासु जन्य पदार्थको उत्पादन बृद्धि गरि निर्वाहमुखी पशुपालन ब्यबसायलाई ब्यबसायिक र नाफामुखी बनाउने।
ख.प्रजनन विकृतिबाट हुन सक्ने सम्भावित क्षतिलाई कम गर्ने।

**४.पशु सेवा प्राविधिकको कृत्रिम गर्भाधान सम्बन्धि जिम्मेवारी तथा कार्य विवरण :**

१. नश्ल सुधारका लागि कृत्रिम गर्भाधान सबै वडाका सबै कृषकहरुमा सेवा सुबिधा पुऱ्याउने ।
२.पशु सेवा विस्तार कार्यका लागि उन्नत प्रबिधि प्रसार गरि गाई /भैसी रबाख्रमा अनिवार्य रुपमा कृत्रिम गर्भाधान गराउनको लागि प्रसार कार्य गर्ने ।
३.गाउँपालिका भित्र कृत्रिम गर्भाधान गरिएका सम्पुर्ण पशुहरुको एकिन डाटा अनुसूची -१ अनुसारको ढाँचामा तयार गरि सम्बन्धित शाखामा मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने।

**५.सेवा सुबिधा तथा वित्तीय ब्यबस्थापन :**

गाउँपालिकाका सबै वडाहरुमा सेवा बिस्तारको लागि पशुपन्छी सेवा शाखा अन्तर्गत रहेका स्थायी तथा करार प्राबिधिक जनशक्ति मार्फत कृषकको घर दैलोमा गई पशु प्राबिधिक बाट कृत्रिम गर्भाधान सेवा प्रदान गरेमा सेवा प्रादायक पशु प्राविधिकलाई देहाय बमोजिमको प्रोत्साहन बापतको सुबिधा कार्यालय बाट उपलब्ध गराइने सो सुबिधा प्राप्त गर्नका लागि सेवा प्रदायक पशु प्राबिधिकहरुले अनुसूची १ बमोजिमको फर्मलाई सम्बन्धित कृषक र सम्बन्धित वडा बाट प्रमाणित गराई बिषयगत शाखामा पेश गर्नु  पर्दछ।

| क्र.स | भिन्न समय अवस्था र कार्यालय परिसरको बाहिरको व्याख्या तथा पुष्ट्याई | प्रोत्साहन बापतको भुक्तानी हुने रकम | कैफियत |
|---|---|---|---|
| १. | कार्यालयमा कृत्रिम गर्भाधान गरिएमा | निशुल्क | |
| २. | कार्यालय समय भित्र हाजिर भई कार्यक्षेत्र भित्र सम्बन्धित कृषकको घरमा गई कृत्रिम गर्भाधान कार्य गरे बापत | रु.८००/- | |
| ३. | कार्यालय समय बाहिर कृषकको घरमा गई कृत्रिम गर्भाधान कार्य गरे बापत | रु.१०००/- | |
| ४. | बाख्राकोकृत्रिमजुन सुकै समयमा गरे बापत | रु.५०० | |

**६.सेवा सुबिधा भुक्तानी सम्बन्धि ब्यबस्था :**

यो कार्यक्रम लागु भएपछी गाउँपालिका भित्र सेवा प्रवाह बिस्तार पश्चात प्रत्येक महिना अनुसूची -१ अनुसारको मासिक प्रगति प्रतिवेदन वडा कार्यालय बाट प्रमाणित गरि सम्बधित शाखामा पेश भए पश्चात मात्र कार्यविधिमा उलेख भए अनुसारको रकम भुक्तानी हुनेछ।

**७.अनुगमन मुल्यांकन तथा सिफारिस समिति ब्यबस्था तथा काम कर्तब्य अधिकार :**

क.गाउँ कार्यपालिकाले कार्यपालिका सदस्य जननिर्वाचित प्रतिनिधि वा बिषयगत शाखाका पदाधिकारी बाट यस कार्यक्रमको प्रत्यक्ष अनुगमन मुल्यांकन गर्न सक्नेछ।

ख.यस कार्यक्रम कार्यन्वयनको अनुगमन मुल्यांकन गरि आगामी बर्षको कार्यक्रम कार्यन्वयन तथा दिगोपनाको लागि देहाय अनुसारको एक समिति रहनेछ :

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक बिकस समिति संयोजक | सदस्य |
| सम्बन्धित बिषयगत शाखा | प्रमुख सदस्य सचिब |

**८.अभिलेख तथा प्रगति प्रतिवेदन :**

क.यस कार्यक्रमले निर्धारण गरेको सम्पुर्ण अनुसूची अनुसारको कागजपत्रहरुको ब्यबस्थापन गर्ने कार्य सम्बधित बिषयगत शाखाले गर्नुपर्दछ।

ख.चौमासिक र बार्षि रुपमा सम्बन्धित बिषयगत शखाले गाउँकार्यपालिकामा प्रगति प्रतिवे पेश गर्नु पर्नेछ।

**९.बाधा अड्काउ फुकाउने**

यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अड्काउ परे गाउँकार्यपालिकाले न्नाया गरि बाधा अड्काउ फुकाउन सक्नेछ।

**१०.परिमार्जनतथा संसोसोधन :**

यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।